जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी
राष्ट्रिय दैनिक
MARGANUGAMI NATIONAL DAILY

*कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाइँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।*

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः ०३ पृष्ठः ४ | २०८३ बैशाख ०७ सोमबार (Monday 20 April 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## एक जना अनमीको भरमा प्रसूति सेवा



सिरहा, ६ वैशाख। यहाँको नरहा गाउँपालिका-४ वर्छवामा रहेको प्रसूतिगृह (बर्थिङ सेन्टर) कर्मचारी अभावका कारण जोखिमपूर्ण अवस्थामा सञ्चालन भइरहेको छ। संवेदनशील स्वास्थ्य सेवा प्रवाह गर्नुपर्ने यस संस्थामा हाल एक जना अनमी मात्रै छन्।

सामान्यतया एउटा व्यवस्थित प्रसूतिगृह सञ्चालनका लागि कम्तीमा दुई जना स्टाफ नर्स, एक जना स्वास्थ्य सहायक (एचए) र एक जना कार्यालय सहयोगी आवश्यक पर्छ। तर, यहाँ छैटौँ तहकी अनमी टीकादेवी ढुङ्गेलले एक्लै चौबिसै घण्टा सेवा दिनुपर्ने बाध्यता छ। भौतिक पूर्वाधारमा कमी नभए पनि पर्याप्त दक्ष जनशक्ति नहुँदा प्रसूतिगृहमा सेवाग्राहीको सङ्ख्या निकै न्यून छ। चालु आर्थिक वर्षको नौ महिनामा यहाँ केवल १९ जनाले मात्र सुत्केरी सेवा लिएका छन्। तीमध्ये ११ जना स्थानीय 'सदाय' समुदायका विपन्न महिला हुन्, जो अन्यत्र जान आर्थिक वा भौगोलिक रूपमा असमर्थ थिए।

वर्छवा स्वास्थ्यचौकीका प्रमुख महेशकुमार रजक स्वास्थ्यकर्मी अभावले रातको समयमा निकै चुनौती हुने बताउनुहुन्छ। उहाँले भन्नुभयो, "दिउँसो कार्यालय समयमा त हामी अन्य कर्मचारी पनि हुन्छौँ, केही सहज हुन्छ। तर सुत्केरी गराउन प्रायः राति आउँछन्, जुन बेला एक जनाको भरमा सम्भव नै हुँदैन। कहिलेकाहीँ उहाँ (अनमी) पनि बिदामा बसेको बेला त संस्था नै खाली हुने अवस्था छ।"

वर्षौँदेखि सेवा दिइरनुभएकी अनमी टीकादेवी ढुङ्गेलले पनि एक्लै काम गर्दाको सकस सुनाउँदै भन्नुभयो, "दिउँसो त्यति समस्या हुँदैन, तर रातको समयमा एक्लै सुत्केरी गराउनुपर्दा डर र जोखिम दुवै हुन्छ। कोही नभएपछि बिरामीको सेवाका लागि जे-जति सकिन्छ, गरिरहेकै छु।" प्रसूतिगृहमा कर्मचारी अभाव देखाइरहँदा नरहा गाउँपालिकाले भने स्वास्थ्यका प्राविधिक कर्मचारीलाई प्रशासनिक काममा खटाएको छ। स्वास्थ्यतर्फका सिनियर अहेव अरुणकुमार सिंहलाई जिन्सी शाखा प्रमुखको जिम्मेवारी दिइएको छ भने अर्का कर्मचारी बैजनाथ साहलाई ५ नम्बर वडाको सचिव बनाइएको छ।

यतिमात्र होइन, अन्य तीन जना स्वास्थ्यकर्मीलाई कुनै ठोस जिम्मेवारी नदिई स्वास्थ्य शाखामा 'काज'मा राखिएको छ। यस सम्बन्धमा प्रमुख प्रशासकीय अधिकृत आदित्यकुमार कर्ण भने जनशक्ति अभावलाई नै मुख्य कारण भएको बताउनुभयो। उहाँले भन्नुभयो, "हामीसँग स्वास्थ्यतर्फका कर्मचारी कम भएकैले त्यहाँ थप जनशक्ति पठाउन नसकिएको हो। हामी व्यवस्था मिलाउँदैछौँ, चाँडै थप जनशक्ति पठाउने प्रयास गर्नेछौँ।"

प्रशासनिक पहुँच र राजनीतिक खिचातानीका कारण दक्ष स्वास्थ्यकर्मीलाई उनीहरूको कार्यक्षेत्रभन्दा बाहिर राख्दा दुर्गमका महिलाहरू सुरक्षित मातृत्वको अधिकारबाट वञ्चित भइरहेको स्थानीयको गुनासो छ। स्थानीय सकलदेव यावदले भन्नुभयो, "पालिकाले पहुँचवाला

**-बाँकी तीन पेजमा**

हावाहुरीबाट मधेस प्रदेश प्रभावित :

## सिरहामा पर्खाल भत्किँदा महिलाको मृत्यु

सिरहा, ६ वैशाख। शनिबार साँझ आएको हावाहुरीका कारण सिरहामा घरको पर्खाल भत्किँदा एक महिलाको मृत्यु भएको छ। मृत्यु हुनेमा सखुवानन्कारकट्टी गाउँपालिका-२ मकरामपुर का ६० वर्षीया किसुनवती यादव रहेकी छन्। स्थानीय विन्देश्वर यादवकी श्रीमती किसुनवती शनिबार साँझ घरमै बसिरहेको अवस्थामा आएको तीव्र गतिको हावाहुरीले घरको जस्तापाता उडाएको थियो। जस्तापाता उडेसँगै घरको पर्खाल भत्किँदा ईँटाले टाउकोमा लागेर उहाँ गम्भीर घाइते हुनुभएको थियो। चोटका कारण उहाँको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ।

जिल्ला प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालकाअनुसार घटनालगत्तै प्रहरी टोली घटनास्थल पुगेको थियो। उहाँका अनुसार, प्रहरीले घटनाको मुचुल्का उठाएर शव परीक्षणका लागि पठएको छ। गए राति मधेस प्रदेशका विभिन्न जिल्लामा आएको हावाहुरीले जनजीवन प्रभावित बनाएको छ भने अन्य क्षेत्रमा भएको क्षतिको विवरण पनि सङ्कलन भइरहेको प्रहरीले जनएको छ।

## मधुवा रोग र हावाहुरीले आँप उत्पादन घट्ने भएपछि किसान चिन्तित



सिरहा, ६ वैशाख। सिरहा जिल्लामा यस वर्ष आँप उत्पादनमा ठूलो ह्रास आउने भएको छ। अघिल्लो वर्षको तुलनामा यसपटक उत्पादन बढ्ने अपेक्षा गरिए पनि 'मधुवा' रोग र हावाहुरीका कारण मञ्जर र टिकुला (चिचिला) झरेपछि किसानहरू चिन्तित बनेका छन्। कृषि ज्ञान केन्द्र सिरहाका अनुसार करिब नौ हजार २५ हेक्टर क्षेत्रफलमा लगाइएको आँपमा यस वर्ष मञ्जर निकै राम्रो लागेको थियो, तर रोगको प्रकोपले गर्दा अहिले रुखहरूमा करिब १० प्रतिशत मात्र फल बाँकी रहेको छ।

केन्द्रका सूचना अधिकृत सुदीप खनालले भन्नुभयो, "सिरहाको करिब नौ हजार २५ हेक्टर क्षेत्रफलमा गरिएको आँपखेतीबाट यसपटक उल्लेख्य उत्पादनको अपेक्षा थियो।

**-बाँकी दुई पेजमा**



**GUPTA BROTHER'S AUTO TRADE**
Mirchaiya, 033-550744 | 9801552812

**स्वतन्त्र प्रेस, सबल लोकतन्त्र।**

- अभिव्यक्ति स्वतन्त्रता लोकतन्त्रको आधार हो,
- स्वतन्त्र, निष्पक्ष र जिम्मेवार पत्रकारिताको सम्मान गरौं,
- सञ्चारमाध्यमलाई दबाब, धम्की र हस्तक्षेपबाट मुक्त राखौं,
- सत्य, तथ्य र प्रमाणमा आधारित समाचारलाई प्राथमिकता दिऔं,
- गलत, भ्रामक, कुण्ठित भावना र अफवाहबाट टाढा रहौं,
- पत्रकारहरूको सुरक्षा र पेशागत स्वतन्त्रता सुनिश्चित गरौं,
- सूचना प्राप्त गर्ने जनताको अधिकारको सम्मान गरौं,
- प्रेसमाथि हुने आक्रमण र दमनको विरोध गरौं,
- सञ्चार क्षेत्रलाई पारदर्शी र जवाफदेही बनाऔं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## खानेपानी संकटमा राज्यको जिम्मेवारी

सार्वजनिक धाराबाट खान योग्य पानी आपूर्ति गर्नु राज्यको न्यूनतम दायित्व हो। यसैले खानेपानीको मूल्य नागरिकको पहुँचभित्रै बनाउनु सरकारको जिम्मेवारी हो। तर शासकप्रशासकहरूको नालायकीका कारण संघीय राजधानी काठमाडौं उपत्यकामा अहिले प्रशोधित त परै जाओस् सामान्य खानेपानीमै पनि सबै नागरिकको पहुँच छैन। बाँच्नैका लागि नभई नहुने भएर जनसाधारणले विभिन्न उपाय अपनाएर खाँचो टार्ने गरेका छन्।

उपत्यकावासीले पानीको गर्जो टार्न अपनाएका मुख्य उपाय घरेलु प्रयोगका लागि ट्याङ्करको पानी र खानका लागि जारको पानी किन्ने हुन्। यी दुवैका लागि नागरिकले स्वाभाविकभन्दा बढी नै पैसा खर्च गर्नुपर्छ। उपत्यकाका सर्वसाधारणको खानेपानीका लागि अपेक्षितरूपमा बढी नै तिर्नुपरेको देखिन्छ।

मेलम्चीको पानी आपूर्ति अनिश्चित छ भने वितरण पनि पटक्कै न्यायपूर्ण छैन। धनीहरूले भूमिगत स्रोत लगभग बिनामूल्य प्रयोग गरेका छन्। धाराबाट थोरै भए पनि पानी आउने क्षेत्रमा बिजुलीबाट चल्ने पम्पले पानी तानेर छिमेकीको धारामा थोपै नखस्ने बनाउँछन्। कतिपय बस्तीका धाराहरू ढलको चुहान हो कि खानेपानी हो छुट्याउन कठिन हुन्छ।

यस्तो अवस्थामा नेपाल पानी उद्योग महासंघले जार र बोतलमा राखिएको 'प्रशोधित' खानेपानीको मूल्य बढाउने निर्णय गरेको छ। उद्योगका लागि आवश्यक कच्चा पदार्थको मूल्य ४० प्रतिशतसम्म बढेकाले प्रशोधित पिउने पानीको मूल्य बढाउने निर्णय गरेको जानकारी दिँदै महासंघले उद्योगीहरूलाई हालको मूल्यवृद्धिमा पानीको मूल्य समायोजन गर्न आग्रह गरेको छ।

बजार अर्थतन्त्रमा उद्योगी व्यवसायीलाई उत्पादन वा सेवाको मूल्य निर्धारण गर्ने स्वतन्त्रता हुन्छ भने राज्यले अपरिहार्य आवश्यकताका वस्तुहरूको मूल्य तथा गुणस्तरको प्रभावकारी नियमन गर्छ। नेपालमा बेलाबखत उद्यमीको स्वतन्त्रताका सरकारले हस्तक्षेप गर्छ, एकतर्फीरूपमा मूल्य निर्धारण गर्ने प्रयास पनि गर्न तर गुणस्तर भने कहिल्यै प्राथमिकतामा परेको देखिएको छैन।

विगतमा कहिले ट्याङ्कर व्यवसायी त कहिले प्रशोधित पानी उत्पादकहरूको प्रभावमा खानेपानी आपूर्ति प्रभावित हुने गरेको चर्चा हुन्थ्यो। नयाँ सरकार अहिले नै जार ग्याङ वा ट्याङ्कर माफियाको मतियार बनिसकेको नहोला। यसैले कम्तीमा राजधानी उपत्यकावासीलाई खानेपानीसम्म भने पनि उपलब्ध गराउनु राज्यको दायित्व हो भन्ने स्वीकार गर्न तयारै होला।

खानेपानीको आपूर्ति बढाउन भन्नेबित्तिकै सहज नहोला तर वितरण न्यायपूर्ण बनाउन र बजारबाट किन्नुपर्ने पानीको मूल्य सर्वसाधारणको पहुँचमा राख्न सरकार गम्भीर होस्। सरकारले पानीको आपूर्ति सुनिश्चित गरोस् र मूल्यवृद्धिको दबाब घटाउन उत्पादकलाई आवश्यक सहुलियत देओस्। बजारलाई मूल्य निर्धारणमा स्वतन्त्र छाडे पनि सरकार गुणस्तर नियन्त्रणबाट नपन्छिओस्।

# पच्चीस सय वर्ष पुरानो चण्डेश्वरी जात्राः देवताको रक्षार्थ खुसीयालीको पर्व

**राजकुमार पराजुली**

यहाँको ऐतिहासिक नगर बनेपामा करिब दुई हजार ५०१ वर्षदेखि चण्डेश्वरी जात्रा मनाइँदै आइएको छ। विशेषगरी नेवार समुदायले हरेक वर्षको वैशाख पूर्णिमादेखि तीन दिनसम्म उक्त जात्रा मनाउने गर्दछन्। बनेपामा यही वैशाख १८ गते चण्डी पूर्णिमादेखि द्वितीयासम्म जात्रा मनाइँदैछ। तीन दिनसम्म मानिने उक्त जात्रामा यहाँका मानिसमा नयाँ उमङ्ग र उत्सव देखिन्छ। बनेपावासीका लागि यो जात्रा महान् पर्वका रूपमा लाग्ने गर्दछ। केही दिनयता जात्रा व्यवस्थापन समिति र स्थानीय जात्राको तयारीमा जुटेका छन्। वैशाख शुक्ल पूर्णिमा, जसलाई चण्डीपूर्णिमा नाम दिइएको छ, प्रत्येक वर्ष यहाँका बासिन्दाले मनाउने यो पर्वमा चण्डेश्वरी मन्दिर परिसर बेहुलीभैँ सिङ्गारिन्छ।

जात्राको विधिअनुसार यहाँका घर चोख्याइन्छन्। पूर्णिमाको अघिल्लो दिन हनुमान ढोकाबाट ल्याइने तरबार (खड्ग)सँगै जात्रामा सरकारको तर्फबाट समेत पूजा गर्ने व्यक्तिको सहभागिता रहनुले पनि बनेपाली यसको महत्वले अभ्क व्यापकता पाएकामा गर्व गर्छन्। जात्रा अवधिभर बनेपाका सबै नेवार समुदायका घरघरमा भोज गरिन्छ। बूढापाकाले टोलटोलमा बसी भजन गाउँछन् भने जात्रा अवधिभर यहाँका सडक, गल्लीमा भीडभाड हुने गर्दछ।

'शक्तिकी अधिष्ठात्री देवी मानिएकी चण्डेश्वरी देवी'को पूजा गर्न टाढादेखि भक्तजन आउने स्थानीय श्याम मानन्धर बताउनुहुन्छ। उहाँका अनुसार जात्रामा सामेल हुन पाउँदा निकै खुसी मान्दै भक्तजनहरू 'मागेको पुग्ने' कुरामा विश्वास गर्छन्। जात्राअन्तर्गत पहिलो दिन बिहान सबेरै बनेपादेखि पुण्यश्वर महादेवसम्म मत पूजा अर्थात् चिराग यात्रा गरिन्छ। धिमे, नायिखं, छुस्यालगायत विभिन्न बाजागाजासहित आस्था भएका सबैले आआफ्नो घरबाट चिराग बोक्दै बनेपाको लायकुमा जम्मा भई जलेश्वर महादेव (जसिगा)सम्म पुगेर विसर्जन गर्ने प्रचलन छ।

जात्राको विधिअनुसार तुलसीको काठद्वारा निर्मित रथमा देवी चण्डेश्वरीलाई रथारोहण गराई देवगृहबाट परिक्रमाका लागि निकाल्ने चलन छ। बनेपाको तीनधारामा बनाइएको पाङ्ग्रा नभएको खटलाई भेडा बलि दिइएपछि देवता नभएको खाली खटलाई विभिन्न बाजागाजासहित स्थानीय युवाहरूले बोकेर 'ल्हाका पालुं हाः' भन्दै चण्डेश्वरी मन्दिर पुर्‍याउँछन्। यसक्रममा रथ तान्ने र घचेट्नेको उत्साहमा थप ऊर्जा प्रदान गर्दै बजारका हरेक घरका भ्र्यालभ्र्यालबाट उनीहरूलाई नेवारी भाषामा 'ल्हाका पालुं हाः' भन्दै साहस थपिदिने काम हुन्छ। यस्तै हरेक घरमा तयार पारिएका प्रसादहरू भ्र्यालबाटै रथमा बसेकी चण्डेश्वरीलाई चढाउँछन्। खटलाई मन्दिर नजिक पुर्‍याएपछि विधिपूर्वक पूजा गरी चण्डेश्वरी देवीको मूर्तिलाई पुनः खटमा राखिन्छ।

दोस्रो दिन बकुटोलबाट चण्डेश्वरीले भण्डासुर दैत्यको बध गरेपछि समाधि गरिएको स्थान भन्ने विश्वासअनुसार रथ पुर्‍याउने र भव्य स्वागत सत्कारकासाथ पूजाआजा गरी बलि दिने परम्परासमेत रहेको छ। जात्राको सुरुदेखि नै तोकिएको धार्मिक पीठमा बलि दिइन्छ। खटलाई प्राचीन लायकू दरबारसम्म पुर्‍याउँदै र त्यहाँबाट चण्डेश्वरी देवीको मूर्तिलाई अर्को सानो खटमा राखेर पुनः वकुटोलमै ल्याउने गरिने परम्परा रहिआएको छ। यस्तै मूर्तिलाई सानो खटमा राखेर पुनः चण्डेश्वरीमा पुर्‍याएपछि जात्रा सकिने गर्छ।

जात्राका क्रममा चण्डेश्वरी मन्दिरभित्र रहेका पिगं देवताहरूलाई १२ वटा बोका बलि दिने र तीमध्ये एउटा बोका द्वारे र अर्को बोका जोशी (तोकिएका जातजाति)लाई दिइने प्रचलन छ। बाँकी बोकाको मासु 'कलंदान' गरिँदै आइन्छ। कलंदान जात्रामा मासुलाई प्रसादस्वरुप भीडमा फालिन्छ। चण्डेश्वरी जात्रामा बनेपाका स्थानीय मानन्धर, भोछिभोया, राजवाहकलगायतका सबै नेवार समुदायसँग प्रत्यक्ष सम्बन्ध रहने भएकाले यो जात्रालाई विशेष महत्वकासाथ लिइने गरिएको हो।

चण्डेश्वरी जात्राको महत्व ठूलो भएको जनाउँदै बनेपा र आसपासमा रहेका सङ्घसंस्था तथा विद्यालय जात्रा अवधिभर बन्द गरिन्छन्। बनेपाबाट जहाँसुकै स्थानमा बसाइँ गएकाहरू पनि चण्डेश्वरी जात्रामा पूजा गर्न आइपुग्छन् भन्ने मान्यता छ। यस जात्रा छुटाउनै हुँदैन भन्ने जनविश्वास पनि रहेको छ।

किंवदन्तीअनुसार करिब दुई हजार ५०० वर्ष अगाडि दैत्यराज चण्डासुरले लामो समयसम्म तपस्या गरेपछि कुनै पनि पुरुषले आफूलाई मार्न नसक्ने वरदान पाएका थिए। त्यसपछि पाताल, मच्छेमण्डल र स्वर्गमा चण्डासुरले हाहाकार मच्चाउन थालेपछि उनीहरू (देवता) भागेर बनेपाको चण्डेश्वरीमा अवस्थित रक्तचन्दन वनमा पुगेको बताइन्छ।

स्वर्गका राजालाई समेत चण्डासुरले जितेपछि देवताहरूको भागाभाग भई ज्यान जोगाउन पन्छीको रूपधारण गरी उक्त वनबाट अलप भए। चण्डासुरका अनुयायीले रक्तचन्दन वनमा कोही नभएको र एउटी राम्री युवती चम्पक वृक्षभित्र बसेको बताएपछि चण्डासुरले वृक्षमा प्रहार गरेपछि त्यहाँबाट कुमारी चण्डेश्वरी प्रकट भइन् र चण्डासुरलाई मार्ने प्रयास गरिन् तर, सकिनन्। त्यसपछि उनी भगवतीको रुपमा प्रकट भएर चण्डासुरको बध गरेर देवताको रक्षा गरेको खुसीयालीमा जात्रा मनाइँदै आएको जनविश्वास छ।

# बढ्दो सम्बन्धविच्छेद : अधिकारको उपयोग कि विकृति ?

**नारायण न्यौपाने**

काठमाडौं, ७ वैशाख। चालु आर्थिक वर्षको गत चैत २० गतेसम्म काठमाडौं जिल्ला अदालतमा दुई हजार ९०७ वटा सम्बन्धविच्छेदसम्बन्धी मुद्दा दर्ता भएकामा एक हजार ३९ मुद्दाको फैसला भइसकेको छ। विसं २०७६ देखि हालसम्म उक्त अदालतमा सम्बन्धविच्छेदसम्बन्धी फरछ्यौट हुन बाँकी मुद्दाको सङ्ख्या एक हजार ९४७ रहेको छ। सर्वोच्च अदालतको २०८१/८२ को वार्षिक प्रतिवेदनअनुसार मुलुकभर ४२ हजार ७३९ वटा सम्बन्धविच्छेदका मुद्दा दर्ता भएका थिए। सो आर्थिक वर्षमा सर्वोच्च अदालतमा ११९ र उच्च अदालतमा एक हजार ५४१ सम्बन्धविच्छेदसम्बन्धी मुद्दा दर्ता भएका थिए।

सोही आवमा ३३ हजार ५० वटा मुद्दा फरछ्यौट भएकामा नौ हजार ६८९ मुद्दाको छिनोफानो हुन सकेन। त्यसमध्ये जिल्लाबाट ४१ हजार ७९ वटा मुद्दा फरछ्यौट भएको वार्षिक प्रतिवेदनमा उल्लेख छ। आव २०८०/८१ मा ४० हजार ३२० वटा सम्बन्धविच्छेदसँग सम्बन्धित मुद्दा दर्ता भएकामा ३१ हजार ७५२ मुद्दा फरछ्यौट भएको थियो भने आठ हजार ५६८ मुद्दा छिनोफानो हुन सकेन। यहाँ उल्लेखित तथ्याङ्कले के देखाउँछ भने पछिल्लो समय सम्बन्धविच्छेदसम्बन्धी मुद्दाको सङ्ख्या एकदमै बढेको छ। बदलिँदो विश्व परिस्थितिको प्रभाव, आधुनिक नेपाली समाज र परिवारमा देखिने सामान्य मतभेदमा पनि सम्बन्धविच्छेद गरिहाल्ने प्रवृत्तिले सङ्ख्या बढेको सरोकारवाला बताउँछन्।

काठमाडौं जिल्ला अदालतका सूचना अधिकृत दीपक श्रेष्ठका अनुसार बैंकिङ कसुर र चेक अनादरपछि सबैभन्दा बढी सम्बन्धविच्छेदका मुद्दा दर्ता हुने गरेका छन्। कतिपय परिवारमा श्रीमान्/श्रीमतीबीच सामान्य खटपट हुनासाथ सम्बन्धविच्छेदका लागि अदालत आउने गरेको देखिएको छ। वैदेशिक रोजगार, परिवारको असहमतिमा हुने प्रेम-विवाह, अन्तरजातीय विवाह, आधुनिकता, अर्काको नक्कल गर्ने प्रवृत्ति, कुटपिट, मानाचामल र हेरचाह नगरेको, नेपाली समाजमा खस्कँदै गएको संस्कार र संस्कृति तथा दम्पतीबीचको मतभेदले पनि सम्बन्धविच्छेद गर्नेको सङ्ख्या बर्सेनि बढ्दै गएको अनुमान गरिएको छ।

अधिवक्ता गोकुल दवाडी वैदेशिक रोजगारी, आर्थिक अभाव, पारिवारिक तनावजस्ता कारणले सम्बन्धविच्छेदको सङ्ख्या बढेको बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ, "रिट निवेदन लिएर अदालतमा पुगेका सबैको सम्बन्धविच्छेद भइहाल्छ भन्ने होइन, ५० प्रतिशत जतिको हुन्छ भने केही दम्पतीले मेलमिलाप गरेर फर्केका उदाहरण पनि छन्।" अध्ययन र रोजगारीका लागि 'डिपेन्डेन्ट भिसा'मा जाने कतिपय युवा जोडीले त विवाह गरेको महिना दिन नपुग्दै दाम्पत्य सम्बन्ध अन्त्यका लागि फिरादपत्र लिएर अदालत आउँछन्। सूचना अधिकृत श्रेष्ठले विदेश जान प्रेमविवाह हतारमा गर्ने, परिवारलाई थाहा नहुने अनि कतिपय सामाजिक आस्था र परिवारको सहमतिबेगर भएका कारण पनि सम्बन्धविच्छेद भएको पाइन्छ।

त्यसो त ज्येष्ठ नागरिक भइसकेका र बाँकी जीवनका लागि सहारा चाहिने उमेरमा पनि सम्बन्धविच्छेद गरेका घटना प्रशस्तै छन्। हजुरबुबा-हजुरआमा उमेरका पनि सम्बन्धविच्छेदका लागि अदालत आउने गरेको कानुन व्यवसायी बताउँछन्। सम्बन्धविच्छेदका मुद्दामा दुवै पक्ष सहमत भएमा काठमाडौं जिल्ला अदालतले दुई दिनमै निर्णय सुनाउन सक्ने व्यवस्था मिलाएको छ। अदालतमा सम्बन्धविच्छेदका लागि आउनेमध्ये कतिपय श्रीमतीसँग बस्न सक्दिनँ भनेर आउँछन् भने केही श्रीमान्ले अंश दिन नपर्ने भनी निवेदनमा मागदाबी गरेको पाइन्छ।

अधिकांश जोडीका बीचमा भने बच्चा र अंशका विषय मेलमिलापमा पुग्न र मुद्दालाई न्यायिक निरुपणमा पुर्‍याउन मुद्दा लम्बिने गरेको पाइन्छ। सम्बन्धविच्छेदका लागि मुद्दा परेपछि अर्को पक्षलाई २१ दिन म्याद दिएर जानकारी गराउने, जवाफ आएपछि दुवैलाई मेलमिलापमा पठाउने र यस्तो मुद्दा एक वर्षसम्म राखेर छलफल गराउन सकिने कानुनी व्यवस्था छ। जेनजी आन्दोलनका बेलामा एकैदिनमा पनि त्यस्ता मुद्दालाई किनारा लगाइएको थियो। तर हतारमा गर्दा कागजमा त्रुटि हुने कारणले दुई दिनमा मात्रै छिनोफानो गर्ने गरिएको सूचना अधिकृत श्रेष्ठ बताउनुहुन्छ। परिस्थितिजन्य अवस्थामा त्यस्ता मुद्दा अधिकृत वारेसमार्फत पनि दर्ता गर्न सकिने छ। त्यो अवस्थामा अधिकांशमा अंश नलिएर छोडपत्र गरेको पाइन्छ। यो सङ्ख्या ३० वर्ष उमेर समूहको बढी छ।

नातिनातिना खेलाउने उमेरका हजुरबुबा-आमा पनि सम्बन्धविच्छेदका लागि अदालत पुग्ने गरेका छन्। त्यस्ता कतिपय श्रीमतीले श्रीमान्लाई तपाईंको साथ

-बाँकी तीन पेजमा

### मधुवा रोग...

तर रोगका कारण मञ्जर र टिकुला भर्ने क्रम नरोकिँदा उत्पादनमा ठूलो ह्रास आउने देखिएको छ।" उहाँका अनुसार गत वर्ष जिल्लामा ५९ हजार ८८६ मेट्रिक टन आँप उत्पादन भएको तथ्याङ्क छ।

लहान नगरपालिकाका कृषि शाखा प्रमुख प्रकाश साह हलुवाइका अनुसार किसानले 'इमिडाक्लोप्रिड'जस्ता विषादी प्रयोग गरे तापनि प्रकोप नियन्त्रण बाहिर गएको थियो। मञ्जर लाग्ने समयमा भएको वर्षा र अत्यधिक हावाहुरीले समस्या भन्नै बल्भाएको प्राविधिकहरूको ठहर छ। आँपखेतीलाई मुख्य आम्दानीको स्रोत बनाएका किसानहरू यतिबेला निकै निराश छन्। लहान-२४ का किसान प्रमोद यादवले भन्नुभयो, "हामीलाई रोग नियन्त्रणका लागि आवश्यक ज्ञान र सीपको अभाव छ। सरकारले समयमै सचेतनामूलक कार्यक्रम र प्राविधिक सहयोग उपलब्ध गराउनुपर्छ।"

त्यस्तै, गए रातिको हावाहुरीले बाँकी रहेका टिकुलाहरू पनि भारिदिएपछि लगानी नै नउठ्ने अवस्था आएको लहान-२२ का किसान रामवृक्ष यादवले बताउनुभयो। उहाँले दुखेसो पोख्दै भन्नुभयो, "विषादी र मलजलमा निकै खर्च भयो, तर अहिले रुखमा टिकुला नै छैनन्। आम्दानी हुने बेला रोगको प्रकोप त एकातिर छँदैछ, अर्कोतर्फ बेस्सरी आएको हावाहुरीले आँपका अडिएका चिचिला नै भरेपछि यसपालि लगानी पनि नउठ्ने डर भयो।" रोगको क्षतिलाई मध्यनजर गर्दै कृषि ज्ञान केन्द्रले आगामी वर्षहरूमा मञ्जर लाग्नुअगावै सचेतना कार्यक्रम सञ्चालन गर्ने योजना बनाएको छ।

### बढ्दो सम्बन्धविच्छेद...

र संरक्षण नरहे पनि सिन्दूर कायम रहोस् भन्ने गरेका छन्। त्यस्तो अवस्थामा श्रीमान् श्रीमतीमध्ये सम्पत्तिमा छोराछोरी कसका पक्षमा छ भन्ने अवस्थाले सम्बन्ध निर्धारण गर्छ। अधिवक्ता शरदचन्द्र गौतमका अनुसार अदालतमा रिट निवेदन लिएर आउने मुद्दामध्ये सम्बन्धविच्छेदको सङ्ख्या धेरैमा पर्छ। पहिलेजस्तो सात जन्मसँगै बस्ने, धर्म र पापसँग जोडिएको नभई विवाहलाई एउटा करारका रूपमा लिने प्रचलन बढेको प्रतिक्रिया उहाँले दिनुभयो। देशको आयआर्जन वैदेशिक विप्रेषणमा निर्भर भएको र वैदेशिक रोजगारीका कारण श्रीमान् वा श्रीमती विदेशमा रहनुपर्ने बाध्यताले पनि केही हदसम्म सम्बन्धविच्छेद बढ्नुमा कारकतत्वको भूमिका निर्वाह गरेको अधिवक्ता गौतमको भनाइ छ।

जिल्ला अदालत काठमाडौँमा मुद्दा दर्ता गर्न आउनुभएकी एक युवतीले भन्नुभयो, "साथीमार्फत ऊ (श्रीमान्)सँग चिनजान भयो। त्यसपछि प्रेमविवाह भयो। छोरी अहिले छ वर्षकी भई। म २२ वर्षकी भएँ। पहिले ऊ होटलमा काम गर्थ्यो, पछि उसले काम छोड्यो। लागुऔषध सेवन गरेर हैरानी दिन थालेपछि सुरक्षित हुन सम्बन्धविच्छेदका लागि आएकी हुँ।" अधिवक्ता ऋषिकेश श्रेष्ठका अनुसार वैदेशिक रोजगारीका हिसाबले श्रीमान् श्रीमतीसँगै बस्न अनुकूल नभएको र त्यसले उब्जाएको आशङ्का र फाटोले पनि सम्बन्धविच्छेदका घटना बढाएको छ। उहाँ भन्नुहुन्छ, "सम्पत्ति सुरुमा श्रीमतीको नाममा राख्ने अनि कतिपय स्वतन्त्रताप्रति आशङ्काको दृष्टिले हेर्ने प्रवृत्तिले यस्ता घटनाको बढोत्तरी भएको छ। नव युवापुस्ता विदेश जान अदालती दर्ता विवाह गर्ने अनि सम्बन्धविच्छेदमार्फत सम्बन्ध अन्त्य गर्ने प्रचलन पनि देखिएको छ।"

भाइबुहारीको सम्बन्धविच्छेद मुद्दाको तारेख लिन काठमाडौँ जिल्ला अदालत आइपुग्नुभएकी नुवाकोटकी एक महिलाले भन्नुभयो, "भाइ विदेश बस्थ्यो, घरायसी कुरा नमिलेर पाँच/छ वर्षदेखि बुहारीले घर छाडेर हिँडेकी छ।" अधिवक्ता सृजना कँडेलका अनुसार सम्बन्धविच्छेदका लागि ५० वर्ष उमेर समूहमाथिको सङ्ख्या पनि उल्लेख्य छ। उहाँ भन्नुहुन्छ, "केही दिनअघि मात्रै धादिङकी ७० वर्षीया महिला र ७३ वर्षीय पुरुषको सम्बन्धविच्छेद भयो। श्रीमान्ले दुईवटीसँग पहिले पनि सम्बन्धविच्छेद गर्नुभएको रहेछ।"

ती ७० वर्षीया वृद्धाले दुई दिन भने पनि श्रीमान्सँग 'डिभोर्स' गर्छु भनेको अधिवक्ता कँडेलले सुनाउनुभयो। उहाँले १५ वर्षअघिसम्म सम्बन्धविच्छेदको मुद्दा अदालतमा न्यून हुने गरेको बताउनुभयो। हाल त्यो सङ्ख्या ह्वात्तै बढेको छ। पछिल्लो पुस्ता झन् आफू स्वतन्त्र भएर बस्न र घरपरिवारबाट मुक्त हुन चाहन्छ। उनीहरूमा किन दबाबमा बस्ने भन्ने सोच छ। अदालत परिसरमा नाति च्यापेर बस्नुभएकी एक महिलाले भन्नुभयो, "म जेठी श्रीमती हुँ। यो उमेरमा श्रीमान्ले कान्छी ल्याएर बसेको छ। छोरो बाहिर छ, हामीलाई घरमा आएर कुटपिट गर्नुहुन्छ। अदालतले पनि हामीजस्ता पीडितलाई छिटो न्याय दिलाउनुपर्छ। अहिले अंश र मानाचामलका लागि दाबी गर्न आएकी हुँ।"

अधिवक्ता राजन केसी सम्बन्धविच्छेदमा खासगरी प्रेमविवाह, गरिबी, आर्थिक, रोजगारीलगायत पढाइलेखाइमा एकअर्काबीच अन्तर तथा सामाजिक अवस्थाले समेत प्रभाव पारेको बताउनुहुन्छ। सम्बन्धविच्छेदसम्बन्धी मुद्दा महिलाले दर्ता गरेमा अदालतले पीडामा परेको अनुमान गरी छिटो निष्कर्षमा पुग्छ। पुरुषले हालेको अवस्थामा फैसला भएको सङ्ख्या कम छ।

उहाँले भन्नुभयो, "श्रीमान् र श्रीमती तीन वर्षसँगै नबसेको, खान लाउन नदिएको, मानसिक यातना दिएको जस्ता विषय जोडेर मुद्दा हाले पनि न्यायालयले भरसक परिवारको बिछोड होइन, जोड्ने काम गर्नुपर्छ भन्ने मान्यता राख्छ। धेरै मेलमिलाप हुनसक्ने सम्भावना पनि हुन्छ।" 'ट्रेन्ड'कै रूपमा बढ्दो सम्बन्धविच्छेदको दर हेर्ने हो भने कानुनी अधिकार प्रयोग गरी स्वतन्त्रता चाहनेको सङ्ख्या बढेको हो या स्वतन्त्रताका नाममा विकृतिले प्रोत्साहन पाइरहेको हो भन्ने विषयमा भने समाजशास्त्रीय कोणबाट अति सुक्ष्म रूपमा अध्ययन गर्नुपर्ने देखिएको छ।

### एक जना अनमीको...

स्वास्थ्यकर्मीलाई वडा र जिन्सी शाखामा आराम गराएर राखेको छ, तर हामीजस्ता गरिबका छोरीबुहारी सुत्केरी व्यथाले छट्पटाउँदा एउटा अनमीको भर पर्नुपर्छ। यो त सिधासिधा हाम्रो स्वास्थ्यमाथि खेलवाड हो।"

एक्लो अनमीको भरमा चल्ने यस्तो सेवाले कुनै पनि बेला दुर्घटना निम्त्याउन सक्ने जोखिम देखिएको स्थानीय बताउँछन्। उनीहरूले तत्काल स्वास्थ्यकर्मीको व्यवस्थापन गरी प्रसूतिगृहलाई पूर्ण क्षमतामा चलाउन माग गरेका छन्।

# भरतपुर महानगर कक्षा ८ को नतिजा : सामुदायिक ३९, निजी ७० उत्तीर्ण




चितवन, ६ वैशाख। सरकारले लगानी गरेको यहाँका सामुदायीक विद्यालयको नतिजा दयनीय देखिएको छ। हालै सार्वजनिक कक्षा ८ को नतिजामा प्रगति हुन नसकेको हो। भरतपुर महानगरपालिका, शिक्षा महाशाखा प्रमुख सुवाष आचार्यका अनुसार कक्षा ८ मा सामुदायिक विद्यालयतर्फको उत्तीर्ण प्रतिशत ३९ दशमलव ०१ प्रतिशत मात्र छ। निजी विद्यालयहरूको प्रतिशत ७० दशमलव ३२ प्रतिशत छ। समग्रमा उत्तीर्ण प्रतिशत ५६ दशमलव ८१ प्रतिशत रहेको छ।

अघिल्लो वर्षका तुलनामा समग्रमा छ प्रतिशत घटेको हो। सामुदायीक विद्यालयमा तीन प्रतिशतले घटेको छ। यस वर्ष सात हजार ५८९ र्वले कक्षा ८ मा परीक्षा दिएका थिए। महानगरपालिकामा ७४ सामुदायीक विद्यालय र ८४ निजी विद्यालय छन्। उहाँका अनुसार भरतपुर-२९ को आधारभूत विद्यालय चौकी र भरतपुर-१७ को आधारभूत विद्यालय लगौटाको नतिजा शून्य भएको छ। महानगरभित्रका केही विद्यालयको नतिजा निकै राम्रो भएका कारण समग्रमा यो प्रतिशत देखिए पनि अधिकांश सामुदायीक विद्यालयको शैक्षिक गुणस्तरको अवस्था दयनीय देखिएको आचार्यले स्वीकार गर्नुभयो। उहाँले भन्नुभयो "सरकारी विद्यालयको नतिजा लाजमर्नु देखियो।" आठ वटा सामुदायीक विद्यालयको नतिजा १५ प्रतिशत मात्र उत्तीर्ण छ। पन्ध्रदेखि २० प्रतिशत मात्र उत्तीर्ण हुने १५ वटा छन् भने २० देखि ३० प्रतिशत उत्तीर्ण हुने १७ वटा विद्यालय रहेका छन्। औषत प्रतिशत ३९ दशमलव ०१ प्रतिशत उत्तीर्ण हुने ५६ वटा मात्र रहेका छन्।

पचास प्रतिशतभन्दा बढी उत्तीर्ण हुने विद्यालयको सङ्ख्या नौ छ। उहाँले भन्नुभयो, "विद्यालयको गुणस्तर सुधार गर्न कक्षा कोठामानै हस्तक्षेप गर्नुपर्ने देखियो।" दरबन्दी थपेर मात्र पनि गुणस्तर नसुध्रिएको उहाँको भनाइ छ। सङ्घीय बजेटबाहेक भरतपुर महानगरपालिको वार्षिक रु १० करोड ५० लाख शिक्षामा खर्च गरेको छ।

शिक्षकको क्षमता विकासका लागि महानगरले खर्च गर्न नसकेको आचार्य बताउनुहुन्छ। महानगरले युवा स्वयंसेवक शिक्षकका लागि वार्षिक रु दुई करोड ५० लाख, बालविकास सहज कर्ता, लेखापाल र कार्यालय सहयोगीका लागि थप रकमबापत रु दुई करोड ५० लाख खर्च गर्ने गरेको छ। त्यस्तै दिवा खाजाका लागि एक जना विद्यार्थीलाई रु पाँच थप गरिदिएको छ।

समग्रमा गुणस्तर विकासका लागि महानगरपालिकाको लगानीसमेत कम भएको भन्दै उहाँले शिक्षा सुधारका लागि लगानी थपेर हस्तक्षेपकारी भूमिका निर्वाह गर्नुपर्ने देखिएको बताउनुभयो। शिक्षा क्षेत्रमा लामो अनुभव सँगाल्नुभएका कृषि तथा वन विज्ञान विश्वविद्यालयका संस्थापक रजिष्ट्रार प्रा डा सूर्यकान्त घिमिरे सरकारी विद्यालयहरूमा पर्याप्त जनशक्ति रहेको, पूर्वाधारहरू पनि सुधार भइसकेको अवस्थामा पनि नतिजा दिन नसक्नु राम्रो नभएको बताउनुहुन्छ। सरकारी विद्यालयमा अझै सुधार हुन नसकेको भन्दै उहाँले सूक्ष्म रुपमा अध्ययन गरी शिक्षकहरूलाई आफ्नो काममा कसरी दिलचस्वी पुऱ्याउने भन्नेमा लाग्नुपर्ने बताउनुभयो। विद्यालयहरूले शिक्षकहरूलाई पढाउने कलासम्बन्धी तालिम दिएर शिक्षामा सुधार ल्याउनुपर्ने उहाँको भनाइ छ।

शिक्षा क्षेत्रमा काम गर्दै आउनुभएका रमाकान्त सापकोटा शिक्षा क्षेत्रमा नयाँ शैली अपनाउनुपर्ने अवस्था आएको बताउनुहुन्छ। शिक्षकले प्रविधिलाई जोडेर पढाउनुपर्ने भन्दै उहाँले शिक्षक मात्र नभएर विद्यार्थीहरूले पढ्ने कुरामा दिने कम रुचिलाई कसरी वढाउने भन्नेबारेमा सोच्नुपर्ने बताउनुभयो। पुरानो तौरतरिकालाई परिवर्तन गरी नयाँ ढङ्गले पढाउने विषयमा महानगरपालिकाले सोच्नुपर्ने उहाँको सुझाव छ।

भरतपुर महानगरपालिकाका कार्यवहाक प्रमुख चित्रसेन अधिकारी विद्यालय तहदेखिनै शैक्षिक गुणस्तर बढाउन आवश्यक रहेको स्वीकार गर्नुहुन्छ। अहिले आएको नतिजा राज्यको शिक्षा क्षेत्रको लगानीको तुलनामा निकै कम भएको भन्दै उहाँले शिक्षा सुधार गर्न आफूहरूसहित विद्यालय, त्यहाँका शिक्षक, विद्यार्थी र अभिभावक सबै संयुक्त रुपमा लाग्नुपर्ने उहाँको भनाइ छ। यो नतिजालाई हेरेर महानगरपालिकाले आवश्यक छलफल गरी सुधारका लागि काम गर्ने उहाँले बताउनुभयो।

# तराईमा बढ्दै तापक्रम, नेपालगन्जमा ४० डिग्री नाघ्यो

काठमाडौँ, ६ वैशाख। नेपालमा कतै भारी वर्षा भइरहँदा तराईमा भने तापक्रम बढ्दो क्रममा छ। तातो अझै बढ्ने जल तथा मौसम विज्ञान विभागले जनाएको छ। विभागका मौसमविद् सरोज पुडासैनीका अनुसार मधेस प्रदेशलगायत बागमती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका तराई भूभाग साथै उपत्यका र खोँचहरूमा तातो दिन तथा सुदूरपश्चिम प्रदेश र लुम्बिनी प्रदेशका पश्चिमी तराईमा तातो लहर चल्ने सम्भावना रहेको बताउनुभयो।

विभागको अद्यावधिक सूचना हेरेर आवश्यक सतर्कता अपनाउन सबैमा अनुरोध गरिएको छ। विभागमा आज साँझ प्राप्त विवरणअनुसार सबैभन्दा बढी नेपालगन्जमा अधिकतम तापक्रम ४०.३ डिग्री मापन भएको छ। हिजो नेपालगन्जमा ३९ डिग्री मापन गरिएको थियो। दिपायलमा पनि ४० डिग्री तापक्रम मापन भएको छ। दिपायलमा हिजो ३८.८ डिग्री मापन गरिएको थियो। हिजो धनगढीमा ३८.२ डिग्री तापक्रम रहेकामा आज बढेर ३९.४ डिग्रीमा पुगेको छ। काठमाडौँमा हिजो २८.४ रहेकामा आज बढेर २९ डिग्री मापन गरिएको छ।

उच्च पहाडी तथा हिमाली क्षेत्रका केही ठाउँहरूमा भने वर्षा पनि भइरहेको छ। केही जिल्लामा भारी वर्षासमेत भएको छ। कास्कीमा ५७.४ र सिन्धुपाल्चोकमा ६८.४ मिलिमिटर वर्षा भएको छ। यस्तै गोरखा, लमजुङ, सोलुखुम्बु खोटाङ, धनकुटा, सङ्खुवासभामा मध्यम वर्षा भएको छ भने अन्य धेरै स्थानमा हल्का वर्षा भएको छ।

अहिले नेपालमा पश्चिम क्षेत्रमा भन्दा पूर्वमा मौसम परिवर्तन भएको छ। भोलि सोमबार कोशी प्रदेशलगायत बाँकी पहाडी र हिमाली भूभागमा साधारणतया बादल लाग्ने र तराई भूभागमा आंशिक बादल लाग्ने विभागले आज साँझ जारी गरेको बुलेटिनमा उल्लेख छ। कोशी र गण्डकी प्रदेशका हिमाली र पहाडी भूभागलगायत देशका बाँकी हिमाली भूभागका थोरै स्थान तथा बागमती र लुम्बिनी प्रदेशका पहाडी भूभागका एकदुई स्थानमा मेघगर्जन र चट्याङसहित हल्का वर्षा र हिमपातको सम्भावना रहेको छ।

यता मधेस प्रदेशलगायत बागमती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका तराई साथै उपत्यका र खोँचहरूमा तातो दिन हुने सम्भावना रहेको विभागले जनाएको छ।

# वीरगन्जमा अतिक्रमित संरचना भत्काउन सुरु

वीरगन्ज, ६ वैशाख। सडक डिभिजन कार्यालय हेटौँडाले आज बिहानैदेखि वीरगन्जमा मुख्य सडक अतिक्रमण गरेर निर्माण गरिएका घरटहरा भत्काउन सुरु गरेको छ। त्रिभुवन राजपथअन्तर्गतको गण्डकचोकदेखि मितेरीपुलसम्म सडकको बीच भागबाट दायाँबायाँ २५-२५ मिटर सडक विस्तारका लागि अतिक्रमण गरेर निर्माण गरिएका संरचना भत्काउन सुरु गरिएको हो।

सडक डिभिजन हेटौँडा कार्यालयले अब बिहान ५ बजेदेखि करिब एक दर्जन एक्काभेटर लगाएर अतिक्रमित संरचना हटाउन थालेको र समग्रमा करिब एक हजार २०० घरटहरा भत्काइने जनाइएको छ। कार्यालयका इन्जिनियर भोला साहले सर्वोच्च अदालतको फैसला र सङ्घीय सरकारको निर्देशनअनुसार नै अतिक्रमित संरचना भत्काउन सुरु गरिएको जानकारी दिनुभयो। "मापदण्डविपरीतका घर टहरा भत्काउन पटक-पटक सूचना जारी गरेको थियौँ, तर अटेर गरेपछि एक्जाभेटर लगाएर भत्काउन थालेका हौँ", उहाँले भन्नुभयो, "यसले सडक विस्तार अभियानलाई अघि बढाउन सहज हुनेछ।"

वीरगञ्जको मुख्य सडकमा घरटहरा रहेका घरधनी, व्यापारी तथा व्यवसायीले भने स्थानीय प्रशासनले १२ घण्टाभन्दा छोटो सूचना दिएर घरखाली गर्न निर्देशन दिँदा समस्या भएको गुनासो गरेका छन्। यहाँको घण्टाघरमा घर रहेका घरधनी कन्हैयालाल केशरीले सर्वोच्च अदालतको फैसला कार्यान्वयन गर्नका लागि भत्काउने विषयमा कुनै पनि गुनासो नभए पनि पर्याप्त समय नदिएकाले समस्या भएको गुनासो गर्नुभयो। "घर तथा पसल खाली गर्नका लागि कम्तीमा एक साताको समय दिएको भए आफूहरूले स्वस्फूर्त

-बाँकी अन्तिम पेजमा

# गर्मी बढेसँगै उखुको जुस व्यवसाय फस्टाउँदै




अजय शाह

महोत्तरी, ६ वैशाख। तराई–मधेश क्षेत्रमा गर्मी बढ्दै जाँदा महोत्तरीमा उखुको जुसको व्यवसाय फस्टाउन थालेको छ। तापक्रम वृद्धि भएसँगै बजारमा उखुको जुस पिउने उपभोक्ताको भिड उल्लेख्य रूपमा बढेको छ। बढ्दो मागले उखु उत्पादक किसान मात्र होइन, साना व्यवसायीहरू पनि उत्साहित भएका छन्। गौशाला बजारमा हाते मेसिनमार्फत जुस बनाउँदै जीविकोपार्जन गर्ने व्यवसायीहरूको आम्दानीमा समेत सुधार देखिएको छ।

गौशालामा विगत ५–६ वर्षदेखि उखु पेलेर जुस बेच्दै आउनुभएका रमेश महतोका अनुसार पछिल्ला दिनमा बिहानैदेखि उपभोक्ताको चाप बढ्न थालेको छ। उहाँ भन्नुहुन्छ, “अहिले त बिहान सबेरैदेखि नै जुस पिउन आउनेको भिड लाग्न थालेको छ”उहाँले यो व्यवसायबाट प्रत्येक सिजनमा खर्च काटेर करिब ७० हजारदेखि ९० हजार रुपियाँसम्म बचत हुँदै आएको बताउनुभयो। वैदेशिक रोजगारीभन्दा आफ्नै ठाउँमा सानो व्यवसायबाट पनि राम्रो जीविकोपार्जन सम्भव रहेको उहाँ उदाहरण बन्नुभएको छ।

त्यस्तै, अर्का जुस व्यवसायी सोनफी साह पनि यस व्यवसायबाट सन्तुष्ट देखिनुहुन्छ। उहाँ भन्नुहुन्छ, “यो व्यवसायले घरपरिवार धान्न मात्र होइन, यही आम्दानीबाट तीन जना छोराछोरीलाई बोर्डिङ स्कुलमा पढाउन सकेको छु।” गौशाला नगरपालिकाभित्र मात्रै हाते मेसिनबाट उखु पेलेर जुस बेच्ने व्यवसायीहरूको सङ्ख्या १० जना भन्दा बढी रहेको अनुमान गरिएको छ।

हाल एक गिलास उखुको जुसको मूल्य ३० रुपियाँ रहेको छ। जुस व्यवसायीहरूले दैनिक रूपमा करिब १,५०० देखि २,००० रुपियाँसम्म आम्दानी गर्ने गरेका छन्। उखुको जुस स्वास्थ्यका दृष्टिले पनि उपयोगी मानिन्छ। पेटको गर्मी घटाउने, जन्डिस, कलेजोसम्बन्धी समस्या तथा पिसाब पोल्ने समस्यामा राहत मिल्ने जनविश्वासका कारण यसको माग बर्सेनि बढ्दै गएको छ।

गौशालाका स्थानीय व्यवसायी निरञ्जन साहका अनुसार गर्मीयाममा आफू नियमित रूपमा उखुको जुस सेवन गर्ने गर्नुहुन्छ। “गर्मी बढेसँगै जुस पिउनु शरीरका लागि फाइदाजनक हुन्छ,” उहाँले भन्नुभयो। यस वर्ष तराई क्षेत्रमा तापक्रम उल्लेख्य रूपमा बढेको छ। चैतको दोस्रो सातातिर औसत २४ डिग्री सेल्सियस रहेको तापक्रम अहिले वैशाखको पहिलो साता मै बढेर करिब ४.४ डिग्रीले बढेर २७.४ डिग्री सेल्सियस पुगेको छ। महोत्तरीको गौशाला, बर्दिवास लगायतका क्षेत्रमा गर्मीको प्रभाव स्पष्ट रूपमा देखिएको छ।

यद्यपि, सडक छेउमा खुला स्थानमा बसेर व्यापार गर्नुपर्ने भएकाले यस्ता व्यवसायीहरूले धूलो र चर्को घामको समस्या झेल्नुपरेको छ। घरभाडा तिर्नु नपर्ने भएकाले आम्दानी सन्तोषजनक भए पनि काम गर्ने वातावरण भने सहज नभएको जुस व्यसायीहरू बताउँछन्।

# ‘क्रुड आयल’ भन्दा प्रशोधित इन्धनको मूल्य बढी हुन्छ : आयल निगम

काठमाडौँ, ६ वैशाख। नेपाल आयल निगमले प्रशोधित पेट्रोलियम पदार्थको अन्तरराष्ट्रिय मूल्यका आधारमा स्थानीय बजारमा खुद्रा बिक्री मूल्य निर्धारण हुँदै आएको जनाएको छ। ‘क्रुड’ आयल (कच्चा तेल) को मूल्यका तुलनामा नेपालमा पेट्रोलियम पदार्थको मूल्य बढी तोकिएको भनी आमउपभोक्तालाई भ्रममा पार्ने प्रयास भइरहेको जनाउँदै निगमले त्यसमा कुनै सत्यता नरहेको स्पष्ट पारेको हो।

क्रुड आयलको मूल्यलाई आधार बनाएर नेपालमा इन्धन महँगिएको भन्ने विश्लेषण भ्रामक रहेको निगमले जनाएको छ। नेपालसँग आफ्नै ‘रिफाइनरी’ नहुँदा कच्चा तेल आयात नगरी सोझै प्रशोधित पेट्रोल र डिजेल आयात गर्नुपर्ने बाध्यता रहेको छ।

“क्रुड आयलभन्दा प्रशोधित इन्धनको मूल्य स्वभाविक रूपमा बढी हुन्छ, त्यसैले मूल्य तुलना गर्दा क्रुड होइन, प्रशोधित पेट्रोलियम पदार्थकै अन्तरराष्ट्रिय मूल्य हेर्नुपर्छ”, निगमका प्रवक्ता मनोज ठाकुरले रासससँग भन्नुभयो। निगमले इन्डियन आयल कर्पोरेसन ( आइओसी) बाट पेट्रोलियम पदार्थ आयात गर्दै आएको छ। आइओसीबाट प्राप्त प्रशोधित पेट्रोल र डिजेलको खरिद मूल्यका आधारमा नेपालमा प्रत्येक १५/१५ दिनमा मूल्य समायोजन हुँदै आएको छ।

निगमले उपलब्ध गराएको तथ्याङ्कअनुसार १६ अप्रिल २०२६ मा क्रुड आयलको मूल्य प्रतिब्यारेल ९९.६ अमेरिकी डलर, पेट्रोल १३९.३ डलर र डिजेल २२८.१ डलर थियो। यस अवधिमा सबैभन्दा उच्च मूल्य २ अप्रिल २०२६ मा पुगेको थियो, जहाँ क्रुड आयल ११८.३ डलर, पेट्रोल २६२.० डलर र डिजेल ३३४.४ डलर प्रति ब्यारेल पुगेको देखिन्छ।

सामान्य अवस्थामा क्रुड आयल र पेट्रोलबीच करिब १० डलर तथा क्रुड आयल र डिजेलबीच करिब २० डलरको अन्तर रहने भए पनि पछिल्लो अन्तरराष्ट्रिय परिस्थितिमा यो अन्तर क्रमशः करिब १४४ डलर र २१६ डलरसम्म पुगेको निगमले जनाएको छ। यसले प्रशोधित इन्धन आयात गर्ने मुलुकहरूमा मूल्यवृद्धिको दबाब थप बढाएको छ। निगमका अनुसार भन्सार, कर, ढुवानी, बीमा, भण्डारण र सेवा शुल्कजस्ता पक्षहरूले पनि अन्तिम खुद्रा मूल्य निर्धारणमा प्रभाव पार्नेछ।

निगमले यही वैशाख ३ गतेदेखि नेपालमा डिजेल/मट्टितेलमा प्रतिलिटर रु ३० र हवाई इन्धनमा प्रतिलिटर रु पाँच वृद्धि गरेको थियो। निगमले डिजेल/मट्टितेलको मूल्य पहिलो वर्गका लागि प्रतिलिटर २३४ रुपैयाँ ५० पैसा, दोस्रो वर्गका लागि रु २३६ र तेस्रो वर्गका लागि रु २३७ तोकेको छ। मूल्य वृद्धिपश्चात् पनि डिजेलमा प्रतिलिटर ९९ रुपैयाँ १६ पैसा घाटा भइरहेको निगमले जनाएको छ। अन्तरराष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्यमा दैनिक बढोत्तरी आउँदा १५ दिनमा करिब रु पाँच अर्ब ७५ करोड घाटा हुने प्रवक्ता ठाकुरले जानकारी दिनुभयो।

# विराट गोल्डकपको उपाधि झापा–११ लाई

मोरङ, ६ वैशाख। विराट गोल्डकप फुटबल प्रतियोगिताको ३८औँ संस्करणको उपाधि झापा–११ ले जितेको छ। फाइनलमा सम्राट स्पोर्टिङ क्लब विराटनगरलाई २–१ गोलको अन्तरले पराजित गरी झापाले उपाधि हात पारेको हो। उपाधिसँगै झापाले ११ लाख रूपैयाँ नगद र ट्रफी प्राप्त गरेको छ भने उपविजेता सम्राट स्पोर्टिङले पाँच लाख रूपैयाँ प्राप्त गरेको छ।

फाइनल खेलका ‘प्लेयर अफ दी म्याच’ झापाका राजेश दाहाल भए। उनले नगद ११ हजार रूपैयाँ प्राप्त गरे। त्यसैगरी सम्राटका अशोक खवास प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी घोषित भई ५१ हजार रूपैयाँ, उत्कृष्ट गोलरक्षक झापाका विशाल सुनार र उत्कृष्ट प्रशिक्षकमा सन्तोष बस्नेत घोषित भई १५ हजार रूपैयाँका दरले नगद पुरस्कार प्राप्त गरे।

विराट गोल्डकप फुटबल ट्रष्टद्वारा विराटनगरको सहिद रङ्शालामा खेल सञ्चालन हुँदै आएको थियो। कोशी प्रदेशका सभामुख अम्बरवहादुर विष्ट, प्रदेशका पर्यटन, वन तथा वातावरणमन्त्री भीम पराजुली, विराटनगर महानगर प्रमुख नागेश कोइराला र ट्रष्टका अध्यक्ष किशोरबहादुर शाहीलगायतले विजेता एवं उपविजेतालाई ट्रफी एवं नगद पुरस्कार प्रदान गर्नुभएको थियो। प्रतियोगितामा नेपाल र भारतका गरी आठ टिमको सहभागिता थियो।

## *वीरगन्जमा अतिक्रमित...*

सरसमान हटाउने मौका पाउने थियौँ”, उहाँले भन्नुभयो।

वीरगञ्ज महानगरका नगर प्रहरी प्रमुख हरि भुसालले आइतबार बिहानदेखि नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल र नगर प्रहरीको कडा सुरक्षा निगरानीमा अतिक्रमित संरचना भत्काइएको जानकारी दिनुभयो। जिल्ला प्रशासन कार्यालय पर्साले शनिबार साझ सूचना जारी गर्दै आज बिहान ४:३० बजेभित्र गण्डकचोकदेखि मितेरीपुलसम्म सडक अतिक्रमण गरेर बनाइएका घरटहरा हटाउन निर्देशन दिएको थियो। बिहानैदेखि मुख्य सडक खण्डमा संरचना भत्काइएपछि आज दिउँसो १२:३० बजेसम्म यहाँ बिजुली तथा इन्टरनेट सेवा अवरुद्ध भएको छ।

# अव्यवस्थित घरपरिवारलाई सुरक्षित आवास

विजयकुमार साह

ढल्केबर, ६ वैशाख। धनुषाको मुखियापट्टी मुसहरनिया गाउँपालिका–२, का ६५ वर्षीय राजेन्द्र माझीले पक्की घर पाएपछि निकै खुसी हुनुहुन्छ। वर्षौंदेखि चुहिने फुसको छाप्रोमा कष्टकर जीवन बिताउँदै आउनुभएका उहाँ अहिले पक्की घरमा ढुक्कले बस्न पाएपछि खुसी हुनुभएको हो।उहाँ यसअघि तीन धुर जमिनमा बनेको दुई कोठाको सानो छाप्रोमा दुई छोराबुहारी र पाँच नातिनातिनासँगै बस्दै आउनुभएको थियो।

उहाँका अनुसार वर्षामा पानीमा भिजेर बस्नुपर्ने र शीतलहरमा चिसोले कठाङ्गिएर बस्नुपर्ने बाध्यता थियो। उहाँले भन्नुभयो, “यो जुनीमा यति राम्रो पक्की घरमा सुत्न पाउँछु भनेर कल्पना नै गरेको थिइनँ। अब त केवल कमाएर परिवार पाल्नु छ, बस्ने चिन्ता हटेको छ।” मान्छेलाई बाँच्नका लागि खानासँगै घर पनि चाहिन्छ भन्दै उहाँले आर्थिक अभावका कारण एउटा घरसम्म बनाउन नपाएको भावुक हुँदै सुनाउनुभयो।त्यस्तै, सोही ठाउँकी निरो देवी पनि शौचालय र भान्छासहितको सुरक्षित पक्की घर पाएपछि हर्षित हुनुहुन्छ। उहाँले भन्नुभयो, “हामी वर्षौंदेखि फुसकै घरमा थियौँ, अहिले शौचालयसहितको पक्की घर पाउँदा सपना जस्तै लागेको छ।”



ह्याविटेट फर ह्युमिनिटी नेपाल र मुखियापट्टी मुसहरनिया गाउँपालिकाको आर्थिक सहयोग तथा रतौली युवा क्लबको प्राविधिक एवं व्यवस्थापकीय सहकार्यमा सुरक्षित आवास सुदृढीकरण परियोजना अन्तर्गत स्थानीय १४ अव्यवस्थित घरपरिवारका लागि घर निर्माण गरिएका छन्। रतौली युवा क्लबका कार्यक्रम संयोजक निरजकुमार सिंहले अव्यवस्थित १४ घरपरिवारका लागि सुरक्षित आवास निर्माण गरेर हस्तान्तरण गरिसकेको र थप १६ वटा घर निर्माणको चरणमा रहेको बताउनुभयो। उहाँले एउटा घर निर्माणमा छ लाख ४२ हजार रुपियाँभन्दा बढी खर्च लागेको बताउँदै तीन लाख ५५ हजार गाउँपालिका, दुई लाख ३० हजार ह्युमिनिटी नेपाल र सम्पूर्ण लागतको १० प्रतिशत बराबरको श्रमदान घर प्राप्त गर्ने घरपरिवारले गरेको बताउनुभयो।

संयोजक सिंहले प्रत्येक परिवारका लागि दुई वटा कोठा, भान्छा, शौचालय र चापाकल निर्माण गरिएको जानकारी दिनुभयो। उहाँले प्रकृतिमैत्री, भूकम्पको कम जोखिम र कम लागतमा घर निर्माण गरिएको बताउँदै बाँसको अधिक प्रयोग गरिएको बताउनुभयो। उहाँका अनुसार धुरीखाँबो, बेरा र छानामा समेत बाँसकै प्रयोग गरिएको छ। प्रशोधित बाँसको प्रयोग गरिएकाले ४० वर्षभन्दा बढी घर टिक्ने उहाँले जानकारी दिनुभयो।उहाँका अनुसार ह्युमिनिटी नेपाल र गाउँपालिकाको आर्थिक सहयोगमा सामुदायिक सुधार केन्द्र धनुषाले २६ वटा यस्तै घर निर्माण गर्ने तयारी गरेको छ।

मुखियापट्टी मुसहरनिया गाउँपालिकाका अध्यक्ष जयकुमार यादवले अव्यवस्थित बसोवासीका लागि प्रकृतिमैत्री बाँसको घर बनाइदिएको बताउनुभयो। आफ्नो कार्यकालमा सम्भवतः नगरभित्रका सबै अव्यवस्थित घर परिवारका लागि घर निर्माण गरी आवास उपलब्ध गराउने लक्ष्य रहेको अध्यक्ष यादवले बताउनुभयो। उहाँले हेर्दा सामान्य जस्तो देखिए पनि बाँसको घर तीन दशकभन्दा बढी टिक्ने जानकारी दिनुभयो। अध्यक्ष यादवले परियोजना अन्तर्गत हालसम्म ५६ घर निर्माण भइसकेको र थप ११४ घर निर्माणको तयारी भइरहेको बताउनुभयो।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail* : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)